का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ साउन २०८१,
मंगलबार
30 July 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १६८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


### एकैदिन तीन ठूला निर्णय

# १८ राजदूत सिफारिस, २१ सचिव सरुवा, ३ प्रदेश प्रमुख फेरिए

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले तीन ठूला निर्णय गरेको छ । स्रोतका अनुसार १८ देशमा नयाँ राजदूत सिफारिस, २१ सचिवको सरुवा र तीन प्रदेश (बागमती, लुम्बिनी र कर्णाली) प्रमुख फेर्ने निर्णय मन्त्रिपरिषद् बैठकबाट भएको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

सरकारले बिभिन्न १८ देशका लागि नेपाली राजदूत नियुक्त गरेको छ । सोमबार बसको मन्त्रिपरिषद् बैठकले भारतका लागि शंकर शर्मालाई नै निरन्तरता दिएको छ। जसलाई पूर्ववर्ती पुष्पकमल दाहाल नेतृत्वको सरकारले फिर्ता बोलाएको थियो । नयाँ सरकारले अमेरिकाका लागि पूर्वमुख्यसचिव लोकदर्शन रेग्मीलाई सिफारिस गरेको छ ।

सरकारले चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठलाई फिर्ता बोलाएको छ। श्रेष्ठलाई फिर्ता बोलाएर उनको ठाउँमा कृष्णप्रसाद ओलीलाई सिफारिस गरेको छ । माओवादी केन्द्र निकटका श्रेष्ठ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा राजदूत नियुक्त भएका थिए ।

नयाँ सरकार बनेपछि विगतमा सिफारिस भएका राजदूतलाई फिर्ता बोलाइएको हो । विगतमा



माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबाट राजदूत भएकाहरूलाई नेपाली कांग्रेस र नेकपा एमाले नेतृत्वको सरकारले फिर्ता बोलाएको हो ।

सत्ता समीकरण बदलिएपछि पूर्ववर्ती सरकारको सिफारिसमा परेका कतिपय राजदूतहरुको संसदीय सुनुवाइ प्रक्रिया नै अघि बढ्न सकेन । नयाँ सरकारले आफू अनुकुल नयाँ नाम सिफारिस गरेको हो ।

सोमबार बसेको मन्त्रिपरिषद बैठकले बेलायतका लागि चन्द्र घिमिरे, दक्षिण कोरियाका लागि शिवमाया तुम्बाहाङ्फे, मलेसियामा डा.नेत्र तिमल्सिनालाई राजदूतमा सिफारिस गरेको छ ।

पूर्ववर्ती सरकारले नियुक्त गरेका तीनवटा प्रदेशको प्रदेश प्रमुख पनि हेरफेर भएका छन् । बागमती, लुम्बिनी र कर्णालीका प्रदेश प्रमुखलाई हटाएर मन्त्रिपरिषद्को बैठकले नयाँ प्रदेश प्रमुख नियुक्त गरेको हो ।

बागमतीमा दीपकप्रकाश देवकोटा, लुम्बिनीका कृष्णबहादुर घर्तीमगर र कर्णालीमा यज्ञराज जोशी प्रदेश प्रमुखमा नियुक्त भएका छन् ।

यसअघि बागमतीमा यादव शर्मा, लुम्बिनीमा अमिक शेरचन र कर्णालीमा तिलक पृष्ठ २ मा


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय-समयमा सफा गरौं।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# छिमेकीकै योजनामा पूर्वमन्त्रीको हत्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन ।



पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या छिमेकीकै योजनामा भएको प्रहरीले प्रारम्भिक निष्कर्ष निकालेको छ । रायकै कामदार रामउजैन रायले छिमेकी वीरेन्द्र राय यादवको योजना अनुसार हत्या गरेको प्रहरी अनुसन्धानमा खुलको छ । प्रहरीका अनुसार छिमेकी वीरेन्द्र रायको योजनामा दुई लाख रुपैयाँ लिएर रामचन्द्रकै कामदार रामउजैनले हत्या गरेको खुलेको हो ।

सर्लाहीको चन्द्रपुर नगरपालिका १ रत्नपुरस्थित आफ्नै घरमा रायको हत्या गरेको अवस्थामा शव फेला परेको थियो । २५ वर्षीय रामउजैनले धारिलो हतियार प्रहार गरी उनको हत्या गरेको अनुसन्धानबाट खुलेको छ ।

रामउजैनलाई प्रहरीले घटनाको बिहानपल्टै पक्राउ गरेको थियो । उनको वयानको आधारमा ४६ वर्षीय वीरेन्द्रलाई समेत पक्राउ गरी उनी दुबै जनालाई सर्लाही प्रहरीले आज सार्वजनिक गरेको छ।


जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठका अनुसार पूर्व राज्यमन्त्री रायको हत्या जग्गा सम्बन्धी मतभिन्नता र आर्थिक प्रलोभनका कारण भएको देखिन्छ ।

प्रहरीका अनुसार हत्या गर्न वीरेन्द्रले रामउजैनलाई व्यवसायको लागि एउटा फर्म बनाई दिन्छु भन्ने आश्वासन र हत्या गर्न सुपारी बापत नगद दुई लाख रुपैया दिएका थिए । उक्त लोभमा परेर पूर्व राज्यमन्त्री रायको हत्या गरेको रामउजैनले स्वीकारेका छन् ।

पूर्व राज्यमन्त्री राय मारिएपछि जग्गा आफूले उपभोग गर्न पाउने वीरेन्द्रको चाहना थियो । वीरेन्द्रको उक्साहट र प्रलोभनमा परेर आफू एक्लैले घटना घटाएको साविति बयान रामउजैनले दिएको प्रहरीले जनाएको छ ।

पूर्व राज्यमन्त्री राय हत्याको अनुसन्धानमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो र प्रदेश प्रहरी कार्यालयको टोली समेत खटेको थियो । उक्त टोलीले छिमेकीकै योजनामा पूर्वराज्यमन्त्री रामचन्द्र रायको पृष्ठ २ मा

# चरित्रको प्रश्नले प्रधान अस्वीकृत



प्रस्तावित व्यक्तिले नै निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि आफ्नो उम्मेदवारी कायम राख्न नचाहेकाले अस्वीकृत गर्ने निर्णय गरिएको हो ।

**पशुपति शम्शेर जबरा**
**सभापति, सुनुवाइ समिति**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

निर्वाचन आयोगको आयुक्तमा प्रस्तावित कृष्णमान प्रधान संसदीय सुनुवाइ समितिबाट अस्वीकृत भएका छन् । सोमबार सुनुवाइ समितले सर्वसम्मत रुपमा अस्वीकृत गर्ने निर्णय गरेको हो । समितिको बैठक अघि प्रधानले आयुक्त पदमा नियुक्तिका लागि आफ्नो उम्मेदवारी कायम नरहेको भन्दै समितिमा निवदन दिएका थिए । यौन शोषणको आरोप लागेका प्रधानको नाम अनुमोदन गर्ने कि नगर्ने भन्ने निर्णय गर्न संसदीय सुनुवाइ समितिको बैठक सोमबार बिहान ११ बजे बोलाइएको थियो ।

तर, अन्तिम समयमा उक्त बैठक स्थगित भएर साँझ पाँच बजेका लागि सारिएको थियो । सारिएको बैठक शुरु नहुँदै प्रधानले समितिका सभापतिलाई सम्बोधन गर्दै आफ्नो उम्मेदवारी कायम नरहेको पत्र



पठाएका थिए । प्रतिनिधि सभाका सबैभन्दा ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले नै अनुमोदन नगर्ने निष्कर्षमा पुगेपछि प्रधानले पद अस्वीकार गरेका हुन् ।

नाम अनुमोदन नहुने निश्चित भएपछि उनले नाम फिर्ता लिने निर्णय लिएका हुन् । 'प्रस्तावित व्यक्तिले नै निर्वाचन आयुक्तको पदमा नियुक्तिको लागि आफ्नो उम्मेदवारी कायम राख्न नचाहेकाले अस्वीकृत गर्ने निर्णय गरेको समिति सभापति पशुपति शम्शेर जवराले जानकारी दिए ।

'प्रस्तावित व्यक्तिले नै निर्वाचन आयुक्तको पदमा नियुक्तिको लागि आफ्नो उम्मेदवारी कायम राख्न नचाहेकाले अस्वीकृत गर्ने निर्णय गरेको' समिति सभापति पशुपति शम्शेर पृष्ठ २ मा

उच्च नैतिक चरित्रको प्रश्नले निर्वाचन आयोगको आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधान संसदीय सुनुवाइ समितिबाट अनुमोदित हुन नसकेका हुन् ।

## वैदेशिक रोजगार विशेष

# कामदारको शीघ्र उद्धार तथा राहतमा ध्यान दिन मन्त्री भण्डारीको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका कामदारको शीघ्र उद्धार तथा राहतमा ध्यान दिन वैदेशिक रोजगार विभागलाई निर्देशन दिएका छन् । वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार कार्यालय काठमाडौं ताहाचलको निरीक्षणका लागि सोमबार ताहाचल पुगेका श्रममन्त्रीले भण्डारीले कर्मचारीलाई सम्बोधन गर्दै उक्त निर्देशन दिएका हुन् ।

त्यस अवसरमा मन्त्री भण्डारीले वैदेशिक रोजगारका क्रममा विदेशमा करारअनुसारको सेवा सुविधा र तलव नपाएर समस्यामा परेको, ठगीमा परेको तथा समयमै गुनासो सुनुवाइ नभएको भन्दै समस्यामा परेकाहरुलाई उद्धार गर्ने विषय विभागको सधैं प्राथमिकतामा रहनुपर्ने बताए ।

मन्त्री भण्डारीले विभागले पीडितलाई राहत दिने काम गरिरहेको भएपनि समाधान गर्नुपर्ने समस्या धेरै रहेको बताएका थिए । आफ्नो मोबाइल गुनासाहरुले भरिएको भन्दै उनले मन्त्रालयअन्तर्गत श्रम सहायता केन्द्र 'कल सेन्टर'मा स्वदेश तथा विदेशमा रहेका श्रमिकले उत्तिकै मात्रामा समस्या राखिरहेको बताए ।

विदेशमा रहेका नेपालीले समस्या समाधानको अपेक्षासहित आफूले झेल्नुपरेको समस्या टिपाउने भएकाले विभाग र मातहत निकायहरुबाट त्यसको समाधान गर्न तत्परता देखाउनुपर्नेमा उनले जोड दिए । मन्त्रीले भण्डारीले समस्याहरुको छानबिन गरी सम्बन्धित निकायमा पठाएर सकेसम्म छिटो समाधान दिन जरुरी रहेको पनि बताए । त्यसैगरी मन्त्री भण्डारीले विभाग र कार्यालयअन्तर्गत हुने काम समयमै सम्पन्न गर्न आग्रह गरे ।

विभागले प्रयोग गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा समस्या आएको भन्दै श्रम स्वीकृतिको पृष्ठ २ मा

## श्रम सचिवमा निरौला



काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा मुकुन्द प्रसाद निरौला आएका छन् । मन्त्रिपरिषद्को सोमबारको बैठकले श्रम सचिव घनश्याम उपाध्यायलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव निरौललाई ल्याएको हो । सचिवमा बढुवा हुनुअघि निरौला उत्यन्तै संवेदनशील र महत्वपूर्ण मानिने गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखा प्रमुख थिए । निरौला २०७८ फागुन ५ गते सचिवमा बढुवा भएका हुन् । सरुवा भएका उपाध्याय गत चैत दोस्रो हप्ता बागमती प्रदेशको प्रमुख सचिवको जिम्मेवारीबाट श्रम मन्त्रालयमा आएका थिए ।

# समयमै सकियो रोपाइँ

यस वर्ष मौसम अनुकूल हुँदा आइतबारसम्म देशभर १२ लाख ९२ हजार २२१ हेक्टरमा रोपाइँ भएको छ । धान रोपाइँ समयमा सकिँदा यो वर्ष धान उत्पादनसमेत बढ्ने अनुमान गरिएको छ ।



**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

साउन महिनाको १३ गतेसम्मको तथ्यांकअनुसार तुलनात्मक रुपमा गत वर्ष भन्दा यसपटक धान रोपाइँ धेरै भएको छ। समयमै वर्षा हुँदा देशैभरी समयमा नै धान रोपाइँ धेरै हुन पुगेको हो । साउनको १३ गतेसम्म देशैभर ९२.४ प्रतिशत धान रोपाइँ भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले जनाएको छ । गत वर्ष सोही अवधिसम्म ७८.१ प्रतिशत मात्र रोपाइँ भएको थियो। गत वर्षको तुलनामा १४.३ प्रतिशतले रोपाइँ बढी भएको हो। यो वर्ष १३ लाख ९८ हजार भन्दा बढी हेक्टर जमिनमा रोपाइँ हुने अनुमान गरिएकोमा साउनको दोस्रो सातासम्ममा नै १२ लाख ९२ हजार २२१.५७ पृष्ठ २ मा

### कुन प्रदेशमा कति रोपाइँ ?

साउनको दोस्रो सातासम्म सुदूरपश्चिम प्रदेशमा लगभग रोपाइँ सम्पन्न भइसकेसको छ । सुदूरपश्चिममा साउन १३ गतेसम्म ९९.६ प्रतिशत रोपाइँ सकिएको हो । सुदूरपश्चिममा गत वर्षपनि सोही अवधिमा ९९.२ प्रतिशत रोपाइँ भएको मन्त्रालयले जनाएको छ। सुदूरपश्चिम पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१५ साउन २०८१, मंगलबार
30 July 2024, Tuesday

# ‘भ्रष्टाचार रोक्न सदाचार नीति ल्याइनुपर्छ’

**काठमाडौं/मस–** संसदीय समितिले देशमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार हुन नदिन सदाचार नीति कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव दिएको छ ।

राष्ट्रियसभा विकास, आर्थिक मामिला र सुशासन समितिको सोमबारको बैठकमा सदस्यहरूले भ्रष्टाचारमा संलग्न हुनेलाई कारबाहीको दायरमा ल्याउनभन्दा भ्रष्टाचार हुन नदिन सतर्कता अपनाउन सदाचार नीति आवश्यक रहेको बताए ।

सरकारले सदाचार नीतिको मस्यौदा निर्माण गरेको सात वर्ष भए पनि कार्यान्वयनमा ल्याउन नसकेको जनाउँदै उनीहरुले सुशासनविना विकास र समृद्धि सम्भव नभएको टिप्पणी गरे ।

पन्ध्रौं पञ्चवर्षीय योजना कार्यान्वयनमा देखिएका कमीकमजोरी र



चुनौतीको गहिरो समीक्षापछि मात्र सोह्रौं पञ्चवर्षीय योजना कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै सदस्यले अत्यन्त थोरै पुँजीगत बजेटको पनि ६० प्रतिशतमात्र खर्च हुन लाजमर्दो भएको प्रतिक्रिया दिएका थिए ।

समिति सदस्य झक्कुप्रसाद सुवेदीले कूल बजेटको ८० प्रतिशत तलबभत्ता र सामाजिक सुरक्षामा खर्च हुने गरेको तथा विनियोजित २० प्रतिशत पुँजीगत बजेट पनि खर्च गर्न नसक्नु आफैँमा आश्चर्यको विषय भएको टिप्पणी गरे । ।

अघिल्लो सरकारले सदाचार नीति ल्याउने भनी गृहकार्य गर्दै मस्यौदा तयार गरेकामा केही गैरसरकारी संस्थाको विमतिका कारण अघि बढ्न सकेन । बैठकमा केही सदस्यले सदाचार नीति सरकारले नल्याउने हो भने भ्रष्टाचारलाई रोक्न नसकिने चेतावनी दिँदै भ्रष्टाचार रोक्न सदाचार नीति जारी गर्न सरकार प्रष्ट हुनुपर्नेमा जोड दिएका थिए ।

समिति सचिव डा.रोजनाथ पाण्डेले सुशासन कायम गर्ने विषयमा गृह मन्त्रालयको विशेष भूमिका रहने जनाउँदै गृहमन्त्रीसँग आगामी बैठकमा सदाचार नीतिबारे छलफल गर्न आवश्यक भएको धारणा राखे । सुशासनमा गत वर्षमा अपेक्षा गरेअनुरुप काम गर्न नसकेको स्वीकार्दै उनले कार्य क्षेत्र निर्धारणगरी सुशासनका लागि सदाचार नीति आवश्यक रहेको बताए । समिति सभापति कमला पन्तले सुशासन नभएर देशविकास र समृद्धिमा पछि परेको बताइन् ।

# स्थापना दिवसको अवसरमा ‘आदर्श सन्देश स्मारिका अंक २’ विमोचन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, १४ साउन

कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा ‘आदर्श सन्देश स्मारिका अंक २’ को विमोचन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली राजदूतावास कतारका प्रथम सचिव कृष्ण कुमार सुवेदी र समाजका अध्यक्ष तथा कार्यक्रमका सभापति अग्निधर देवकोटा लगायत समाजका पधाधिकारीहरुले संयुक्त रूपमा विमोचन गरेका हुन् ।

कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको कार्यक्रममा शुभकामना मन्तव्य राख्ने वक्ताहरूले पोखराका मनोरम दृश्यसहित प्रकृतिले दिएको हिमाल, ताल र पर्यटकीय स्थलसहितधैरै कुरालाई स्मारिकामा समेटिएको बताए ।

स्मारिकाको समीक्षा गर्दै कवि तथा साहित्यकार प्रेम प्रसाद भट्टराईले कतारमा समिति संस्थाले स्मारिका प्रकाशन गर्ने गरेको बताउँदै कास्कीले प्रकाशन गरेको स्मारिका उत्कृष्ट रहेको बताए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले स्मारिका संस्थाको महत्वपूर्ण दस्तावेज भएको र समाजले




गरेका कार्यसहित कतारका अमिरको नेपाल भ्रमण, लगायत धेरै महत्वपूर्ण विषयलाई समावेश गरेकोमा खुसी व्यक्त गरे । विश्वले चिनेको पोखरामा त्यहाँको पर्यटन र विकासमा राज्यले थप लगानी गर्नसके स्वदेशमै रोजगारीको सिर्जना गर्न सकिने सुवेदीको भनाइ थियो ।

समाजका सचिव विष्णु तिमल्सिनाले सहजीकरण गरेको कार्यक्रममा तमु गुरुङ समाज र तमु प्ये ल्हु संघ कतारमा आवद्ध कलाकारहरूले आफ्नो प्रस्तुति दिएका थिए भने फेवा सांस्कृतिक परिवारले पोखरा सेरोफेरोमा गाइने मौलिक भाका टिपेर गीतमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि, समीक्षक, समाजका अग्रज व्यक्तित्वहरुलाइ दोसल्ला ओढाएर मायाको चिनोसहित सम्मान गरिएको थियो भने स्मारिकामा आफ्ना लेख, रचना तथा विज्ञापन प्रदान गरी सहयोग गर्ने विभिन्न संघसंस्था प्रमुख तथा विशिष्ट व्यक्तित्वहरुलाई मायाको चिनोसहित सम्मान गरिएको थियो ।

समाजका वरिष्ठ उपाध्यक्ष सुरज रानाले स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभापति देवकोटाले सामाजिक एवं परोपकारी गतिविधिहरू समेटेर लिपिबद्ध गरी नयाँ पिँढीका लागि इतिहासको सिर्जना गर्न स्मारिका सफल हुने विश्वास व्यक्त गरे ।

उनले आफ्नो कार्यकालमा ‘आदर्श सन्देश-२’ प्रकाशन गर्न पाउँदा खुसी मिलेको बताउँदै पुस्तक आफ्नो जीवनको अमूल्य कमाइ रहेको बताए ।

### एकैदिन...

परियार प्रदेश प्रमुख थिए । शर्मा एकीकृत समाजवादी, शेरचन र परियार नेकपा माओवादी केन्द्र निकट हुन् । उनीहरु तीनै जनालाई प्रचण्ड नेतृत्वको पूर्ववर्ती सरकारले नियुक्त गरेको थियो ।

कांग्रेस र एमालेको नयाँ सरकार बनेपछि माओवादी, एकीकृत समाजवादी निकट रहेका प्रदेश प्रमुखलाई हटाएर नयाँ नियुक्त गरेको हो ।

मन्त्रिपरिषद् बैठकले एकैपटक २१ सचिवको सरुवा गर्ने निर्णय पनि गरेको छ । तर मन्त्रीहरुको चाहनामा सरुवा सचिवको निर्णय फेरिन सक्ने भएकाले अन्तिम सूची उपलब्ध हुन सकेको छैन ।

### छिमेकीकै ...

हत्या निष्कर्ष निकालेको हो ।

यही साउन ६ गते राति सर्लाहीको चन्द्रपुर नगरपालिका- १ रत्नपुरस्थित आफ्नै घरमा रायको हत्या भएको थियो ।

उनको हत्या आरोपमा प्रहरीले उनकै घरमा काम गर्ने २५ वर्षीय रामउजैन राय र छिमेकी ४६ वर्षीय वीरेन्द्र राय यादवलाई पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको थियो । अनुसन्धानल दवै हत्यामा संलग्न रहेको निष्कर्ष निकालेको हो ।

### चरित्रको...

जवराले जानकारी दिए ।तर, प्रधानलाई अस्वीकृत गर्नुको कारण हो- उनीमाथि लागेको यौन शोषणको गम्भीर आरोप ।

यो आरोपलाई आधार बनाएर सम्बन्धमा संसदीय सनुवाइ समितिले आयुक्त पदमा अस्वीकार गर्ने तयारी गरेपछि उनले त्यसअगावै पद अस्विकार गरेका हुन् ।प्रधान नेपाल कानुन समाजका पूर्वअध्यक्ष हुन् । प्रधानले आफैं ‘आफूले चालिसौं वर्षदेखि गैरसरकारी संस्थामा योगदान गरेको’ बताएका छन् । प्रधान गैरसरकारी संस्थामार्फत कानुन निर्माणमा सरकारलाई सहयोग गर्ने कार्यमा लामो समयदेखि सक्रिय रहँदै आएका व्यक्ति हुन् ।

यस्तोमा सुनुवाई समितिले निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिका लागि प्रस्तावित प्रधानमाथि यौन शोषणको आरोप लागेकाले अस्वीकार गर्नुपरेको निर्णय गरेको भए प्रधानलाई हेर्ने अन्तराष्ट्रिय दातृ निकायको हेर्ने नजर बदलिने थियो ।

साथै, कृष्णमानले भविष्यमा आफू फेरि कुनै सार्वजनिक पदका लागि अयोग्य नरहेको देखाउनका लागि समेत निर्वाचन आयुक्त पद अस्विकार गरेको देखिन्छ । यो भाव उनले पद अस्वीकार गर्न सुनुवाई समितिमा पेश गरेको निवेदनमा प्रष्ट झल्कन्छ ।

उनले लेखेका छन्, ‘मेरो सम्बन्धमा संवैधानिक परिषदको सिफारिस प्रति निष्ठावान रहँदा रहँदै पनि म केन्द्रित मौजुदा दुष्प्रचारको माझमा सिफारिस भएको पदमा रहेर काम गर्ने हौसला र इच्छा बाँकी नरहेकोले भविष्यमा राज्यले प्रदान गर्ने जुनसुकै जिम्मेवारीप्रति निष्ठावान रहने बचनबद्धतासहित सिफारिस भएको निर्वाचन आयोगको आयुक्त पदमा नियुक्तिको लागि मेरो उम्मेदवारी कायम राख्न नचाहेकोले सम्मानित समिति समक्ष जानकारीका लागि अनुरोध गर्दै सो अनुसार व्यवस्था हुन सविनय अनुरोध गर्दछु ।’

संसदीय सुनुवाइ समितिमा उनी विरुद्ध यौन दुर्व्यवहारसँग सम्बन्धित चार वटा उजुरी परेका थिए । एक जना महिला आफू प्रधानबाट सन २०१९ देखि सन २०२३ सम्म यौन शोषणमा परेको भनेर आफै निवेदन लिएर सुनुवाइ समिति पुगेकी थिइन् ।कृष्णमान प्रधानले शोषण गरेको भन्दै उजुरी दिएकी महिलाले आफूलाई गैरसरकारी संस्थामा जागिर लगाइदिने प्रलोभन दिएर ‘ब्रेन वास’ गरेको लामो समयसम्म नेपाल कानुन समाजको कार्यालयमै यौन शोषण गरेको उल्लेख गरेकी थिइन् ।असार २० गते सुनुवाइ समितिको बैठकमा आफ्नो उजुरीको आधारबारे ब्याख्या गर्दै उनले आफूमाथि कमजोर आर्थिक अवस्थाको फाइदा उठाएर प्रधानले जागीरको लोभ देखाएर नियमित रुपमा यौन शोषण गरेको बताएकी थिइन् ।

प्रधानविरुद्ध परेका अन्य तीन वटा उजुरीमा पनि सोही महिलामाथि प्रधानले यौन शोषण गरेको आरोप लगाइएको थियो । एउटा उजुरीमा ति महिलाले प्रधानविरुद्ध प्रहरी परिसर टेकुमा बलात्कारको जाहेरी दिएको उल्लेख छ । तर, उक्त जाहेरी प्रहरीमा दर्ता नभएको र पछि ति महिलाले काठमाडौं जिल्ला अदालतमा यौन दुर्व्यवहारको मुद्दा दर्ता गरेको विवरण समावेश छ । पछि उक्त मुद्दा मिलापत्रमा टुंगिएको थियो ।उजुरीमा उल्लेख भए अनुसार २४ भदौ २०८० मा महिलाले काठमाडौं जिल्ला अदालतमा यौन दुर्व्यवहारको मुद्दा दर्ता गरेकी थिइन् ।

२९ भदौ २०८० मा उजुरीकर्ता र प्रधानले मिलापत्रका लागि संयुक्त निवेदन दिएका थिए । सोही दिन अदालतमा दुवै पक्षबीच मिलापत्र भएको उजुरीकर्ताले उल्लेख गरेका छन् ।प्रधानको दबाब र प्रभावमा मुद्दा मिलापत्रमा टुंग्याएको भन्दै पीडित महिलाले उनलाई निर्वाचन आयुक्त बनाउनु उपयुक्त नहुने भन्दै सुनुवाइ समितिमा उजुरी दिएकी हुन् ।

मिलापत्र गर्दा पैसाको लेनदेन भएको भनेर चेकका फोटोकपी नै उजुरीमा थिए । ५०/५० लाखका दुई वटा चेक र २५ लाखको एउटा चेकको फोटोकपी उजुरीमा समावेश थियो ।यी लगायतका विवरण राखेर उजुरीमा भनिएको थियो, ‘संविधानको २४५ को उपधारा ६ बमोजिम निर्वाचन आयोगको आयुक्त हुन आवश्यक पर्ने योग्यतामा उच्च नैतिक चरित्र भएको व्यक्ति हुनुपर्ने प्रस्ट उल्लेख भए पनि नैतिक रूपमा पतन भएका प्रधानलाई आयुक्त बनाउनु आफैमा गैरकानुनी हो ।’

संविधानको धारा २४५ को उपधारा ६ मा आयुक्त हुने व्यक्ति ‘उच्च नैतिक चरित्र भएको’ हुनुपर्ने भनिएको छ ।संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐनको दफा ५ मा पनि यही व्यवस्था छ । जहाँ संवैधानिक परिषद्ले नियुक्तिको सिफारिस गर्दा नै सम्बन्धित व्यक्तिको चरित्र ख्याल गर्नुपर्ने भनिएको छ ।

‘कुनै व्यक्तिलाई नियुक्तिको लागि सिफारिस गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमानदारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभव समेतलाई विचार गर्नु पर्नेछ’, ऐनको दफा ५ (२) मा उल्लेख छ । सुनुवाइ समिति सदस्यहरूका अनुसार उच्च नैतिक चरित्रको प्रश्नले नै प्रधानको संसदीय सुनुवाइ अस्वीकृत भएको हो ।

### कामदारको...

काम ढिलो हुने गरेको छ । विभागका महानिर्देशक डण्डुराज घिमिरेले मेलमिलापको माध्यमबाट उजुरी फरफारक गरेर पीडितलाई राहत दिने काम उच्च प्राथमिकतामा रहेको, उजुरी परेपछि संस्थाका सञ्चालकहरुलाई विभागमा झिकाएर छलफल गराइ पीडितको रकम असुल उपर गराइदिने काममा विभाग सचेत रहेको जानकारी गराएका थिए ।

### समयमै...

हेक्टरमा रोपाइँ भएको हो ।

गत वर्ष साउन सकिँदा समेत रोपाइँ बाँकी रहेको अवस्थामा अहिले साउनको दोस्रो सातामै ९२ प्रतिशत भन्दा बढी रोपाइँ भएको तथ्यांकले देखाएको छ । यस वर्ष मनसुनले साथ दिँदा किसानले समयमै धान रोप्न पाएका हुन् । अझैपनि वर्षा निरन्तर भइरहेको हुँदा रोपेको धान समेत सप्रिएको छ । समयमा मनसुन शुरु भएर नियमित वर्षा भएको कारण समेत समयमा नै रोपाइँ धेरै भएको कृषि तथा पशुपंक्षी मन्त्रालयले जनाएको छ । नियमित वर्षाको कारण धान रोपाइँ क्षेत्रपनि बढ्ने सम्भावना रहेको मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीले बताए ।

### कुन...

प्रदेशमा एक लाख ७५ हजार ५७६ हेक्टर क्षेत्रमध्ये एक लाख ७३ हजार सात सय ९९ हेक्टरमा रोपाइँ भएको हो । यस्तै कर्णाली प्रदेशमा पनि ९६.९ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष सो समयमा ८५ प्रतिशत मात्र रोपाइँ भएको थियो । कर्णालीमा अहिलेसम्म ४० हजार ६२३ हेक्टरमा रोपाइँ भएको छ । यस्तै मधेस प्रदेशमा पनि ९२ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष अहिलेसम्म मधेस प्रदेशमा ५८.८ प्रतिशत मात्रै रोपाइँ सकिएको थियो ।

मधेस प्रदेशमा गत वर्ष भन्दा ३३.२ प्रतिशत बढी रोपाइँ भएको छ । मधेसमा तीन लाख ५२ हजार ४४३ हेक्टरमा धान रोपाइँ भएको छ । यस्तै गण्डकी प्रदेशमा ९१.९ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष यो अवधिमा ८२.३ प्रतिशत रोपाइँ भएको थियो । लुम्बिनी प्रदेशमा ९१.३ प्रतिशत रोपाइँ भएको छ ।

गत वर्ष साउनको दोस्रो सातासम्ममा लुम्बिनीमा ८०.९ प्रतिशत रोपाइँ सकिएको थियो । बागमती प्रदेशमा ९०.८ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष बागमतीमा ८०.१ प्रतिशत रोपाइँ भएको मन्त्रालयले जनाएको छ ।


## सिम्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था अनुसार यस सिम्ता गाउँपालिकाले तोकिएको स्थानबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन गरी यस गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी सिलबन्दी दरभाउ पत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | SRM/SQ/ MINES -01-2081/82 | ढुङ्गा, गिट्टी, मोरङ र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | ४,४२,४७७.८९ | १३,२७,४३३.६७ | कवोल अङ्कको ५% | १,००० |

१. नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।८१ करचुक्ता प्रमाणपत्र वा २०७९/८० को करचुक्ता म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र वोलपत्र फाराम दस्तुर वापत लक्ष्मी वैंक, जामुनेबजार, शाखामा रहेको यस कार्यालयको आन्तरिक आम्दानी खाता नं. ०८००३०००२१ मा नगद जम्मा गर्नुपर्ने छ ।
२. आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक, जामुनेबजार, शाखामा रहेको धरौटी हि.नं. ०८००३०००१७१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउ पत्र नं. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।
३. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिन (२०८१।०४।३०) को १:०० वजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।
४. योग्य बोलपत्रदाताले थप जानकारी www.bolpatra.gov.np/egp बाट लिन सक्नेछन् ।



## Khajura Rural Municipality
## Office of the Rural Municipal Executive
### Invitation for Bids

**First Date of Publication: July -30, 2024 (2081/04/15)**

1. Khajura Rural Municipality, Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Contracts stated in table below and intends to apply part of the funds to cover eligible payments under the Contract for Bidding is open to all eligible Nepalese Bidders.
2. KRM, Banke invites sealed bids from eligible bidders for the construction of following projects stated in table, under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khajura Rural Municipality Telephone No:- 081-560187 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may download the bidding document for E-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders who submitting their bids electronically, should deposit the cost (as specified below) of bidding document in the rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of Bank Deposit voucher shall be uploaded by the bidder at the time of Electronic submission of bids. To deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA Khajura Banke
   Name of Office: Khajura Rural Municipality Khajura, Banke
   Office Code no: 801055703
   Office Account no: Ga.1.1(1112051498621003) Antarik Rajaswa Khata
5. Electronic bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp on before 12:00 Noon August-29, 2024 (2081/05/13). Bids received after this deadline will be rejected.
6. Prebid meeting shall be held at Khajura Rural Municipality, KhajuraBanke at 12:00 Noon (2081/04/29), August -13, 2024.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at August-29, 2024 (2081/05/13) at 14:00 Hours at the office of KRM, Banke. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of E-bid amounting to a minimum as specified in table as follows, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If a bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the name of the : NIC ASIA Banke Khajura

Name of the Office: Khajura Rural Municipality Khajura, Banke
Office Account no: ga.3.(B141498621524004) (DharautiKhata) and the receipt voucher of the deposited amount of cash should be submitted along with the bids.

9. The summary of different Contracts are given below:

| S. No. | Contract Number | Contract Name | Estimate Amount Without VAT, PS & Contingencies | Bid Security (NRs) | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/ 01/2081-82 | Slab Culvert Construction, Soil Filling Construction Works And Gravelling Construction Works at Ward No.4,Khajura, Banke | 2290150.98 | 69000 | 3000.00 |
| 2 | KRM/NCB/ WORKS/ 02/2081-82 | D Gaun Karnali Mil Hudai Bharat K C Ko Ghar Samm Sadak Kalopatre . | 3363882.17 | 100000 | 3000.00 |

**Chief Administrative Officer**

# १५ जिल्लामा २ लाख ७१ हजार गरिब परिवार सूचीकृत

**काठमाडौं/मस-** सरकारले १५ जिल्लाका दुई लाख ७१ हजार छ सय ४० गरिब परिवारको अन्तिम सूची स्वीकृत गरेको छ। यही साउन १० गते बसेको मन्त्रिपरिषद् बैठकले ओखलढुंगा, कञ्चनपुर, गुल्मी, दोलखा, धनुषा, नुवाकोट, पर्सा, बारा, बैतडी, मनाङ, मुस्ताङ, रुपन्देही, सप्तरी, सर्लाही र सिन्धुपाल्चोकका गरिब परिवारको सूची स्वीकृत गरेको हो।



बैठकले सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सरावल गाउँपालिका-५ मा तीन हजार छ सय ८० वर्गमिटर जग्गा १५ शय्याको आधारभूत अस्पताल भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए।

सरकारले कपिलवस्तुको शुद्धोधन गाउँपालिकाअन्तर्गत बाँसखोर स्वास्थ्य चौकीको भवन निर्माणका लागि ०-१७-७ विघा, लखरपाटा-खम्वागाडे-मुरमुरी-जामुन सुनकाँडा सडक निर्माणका लागि सर्खेतको बराहताल गाउँपालिका र पञ्चपुरी नगरपालिकामा रहेको राष्ट्रिय वनको नौ दशमलव ३६ हेक्टर र नवलपरासी (बर्दघाट-सुस्तापूर्व)लाई प्रशासनिक भवन निर्माणका लागि विनयी त्रिवेणी गाउँकार्यपालिकाको प्रशासनिक भवन निर्माणका लागि सोही गाउँपालिका-२ मा रहेको छ रोपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ।

मन्त्रिपरिषद्ले झापा, मोरङ, सुनसरी, सिरहा, सप्तरी, बारा, सर्लाही, नवलपुर, गोरखा, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया र कैलालीका १९ स्थानमा विद्युतीकरण विस्तार तथा चुहावट न्यूनीकरण आयोजनाअन्तर्गत ३३/११ केभी सवस्टेसन निर्माणका लागि जग्गा प्राप्ति र तल्लो मोदी-नयाँ मोदी १३२ केभी प्रसारणलाइन आयोजनाअन्तर्गत पर्वतमा शून्य दशमलव नौ सय ४७ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ।

सरकारले विश्व बैंकबाट प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम-पहिलो चरणअन्तर्गत उपलब्ध हुने करिब रु १३ अर्ब ३३ करोड बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गरेको छ। बैठकले नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८१ स्वीकृत गरेको छ। यस्तै नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका एक कर्मचारीलाई प्रथम श्रेणस्का सहसचिव (प्रा) पदमा बढुवा नियुक्ति गरेको छ।

# ११ बुँदे घोषणापत्र जारी गर्दै प्राज्ञिक सम्मेलन सम्पन्न



**काठमाडौं/मस-** नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सहकार्यमा प्राज्ञिक सम्मेलन-२०८१ सम्पन्न भएको छ।

प्रज्ञा प्रतिष्ठानको देवकोटा सभाकक्षमा आयोजित प्राज्ञिक सम्मेलनको प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका संरक्षक एवम् संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले दीप प्रज्ज्वलन गरेर उद्घाटन गरेका थिए। सम्मेलनलाई दुई सत्रमा विभाजन गरिएको थियो।

सो अवसरमा पर्यटनमन्त्री पाण्डेले प्रज्ञा प्रतिष्ठानहरू ज्ञानको थलो भएकाले आ-आफ्ना ठाउँबाट विधागत रूपमा सबैले योगदान पुऱ्याउनुपर्ने बताउँदै व्यावसायिकरूपमा कर्मचारीहरूले राष्ट्रसेवा गरेका छन् कि छैनन् भन्नेबारे समीक्षा हुनुपर्ने बताए। मन्त्री पाण्डेले राजनीतिभन्दा माथि उठेर प्रज्ञा प्रतिष्ठानहरू खोजअनुसन्धान गर्दै प्राज्ञिक सांस्कृतिक क्षेत्रको विकासका लागि ज्ञानचक्षुका साथ अघि बढ्नुपर्ने बताए।

उनले हाम्रो भूगोल हार्डवेयर भएजस्तै भाषा, साहित्य, संस्कृति, कला, दर्शन र ज्ञानविज्ञान सफ्टवेयर रहेको बताए। सफ्टवेयरको पक्ष बलियो भएन भने निर्जीव वा स्थुल जस्तै हुने भएकाले 'ज्ञान खोज्न प्रज्ञा प्रतिष्ठान जाऔँ' भन्ने भावना जागृत हुने गरी काम गर्नुपर्नेमा जोड दिए।

सम्मेलनका सभाध्यक्ष तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले संस्कृति भनेको चिन्तन प्रणाली तथा सफ्टवयर रहेको बताउँदै संस्कृति जति बलियो हुन्छ, समाज त्यति नै गतिशील हुने धारणा राखे। तसर्थ कुनै पनि प्रतिगमनविरुद्ध गणतान्त्रिक प्राज्ञिक संस्कृतिलाई दह्रोसँग स्थापित गर्नुपर्नेमा जोड दिँदै उनले विद्यमान मर्यादाक्रमको तोडफोड गर्नु न्यायोचित नभएको बताए। सो अवसरमा उनले प्रमुख अतिथि मन्त्री पाण्डेलाई प्रज्ञा प्रतिष्ठानका विभिन्न प्रकाशनहरू उपहारस्वरूप प्रदान गरेका थिए।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले समसामयिक भावधारासहितको प्राज्ञिक संस्कृति, प्रतिष्ठानबीचको आपसी सहकार्य र सद्भाव कायम गर्दै मर्यादाक्रम तोकिनुपर्नेमा जोड दिए।

सम्मेलनमा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले प्रादेशिक, पालिका र वडासम्मै प्रज्ञा प्रतिष्ठान गठन भइरहेको बताए। उनले ती प्रज्ञा प्रतिष्ठान र संघीय वा केन्द्रीय प्रज्ञा प्रतिष्ठानबीचको भिन्नता प्रष्ट हुनुपर्ने बताए।

नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राईले संस्कृति मानवजातिको ढुकढुकी रहेको बताउँदै यसमा आएका विकृति र विसंगतिले समाजलाई लथालिङ्ग पार्ने भय रहेको बताए। त्यसैले समयमा नै यसको नियमन र नियन्त्रण गर्ने अधिकार प्रज्ञा प्रतिष्ठानहरूमा निहित हुनुपर्ने उनको भनाइ थियो। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले तीन वटै प्रज्ञा प्रतिष्ठानबीच सहअस्तित्व र सहकार्यबारे धारणा राख्दै मौलिक संस्कृतिमाथि भएको अतिक्रमणविरुद्ध एकजुट भएर लाग्नुपर्ने बताए। उनले त्यसविरुद्ध नियमन वा नियन्त्रण गर्ने संयन्त्र र अधिकार प्रतिष्ठानमै रहनुपर्ने बताए।

सम्मेलनका उद्घोषक तथा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदी, नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्लेले आ-आफ्ना प्रज्ञा प्रतिष्ठानको परिचय, उद्देश्य, लक्ष्य, भाबी योजना र समस्याका बारेमा धारणा प्रस्तुत गरेका थिए।

सम्मेलनमा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा. मधुसूदन गिरी, डा.कृष्णराज अधिकारी, डा.कौशिला रिसाल, अमर न्यौपाने तथा प्राज्ञसभा सदस्य चेतनाथ धमला, धर्मेश पोखरेल, पञ्चकुमारी परियार र शशिराम कार्कीले धारणा राखेका थिए। नेपाल संगीत तथा नाटय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य बखतबहादुर हमाल, डक्टर किरात, हिसन समाल तथा प्राज्ञसभा सदस्य हरिप्रसाद पौडेलले पनि आ-आफ्ना धारणा व्यक्त गरेका थिए। ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य सञ्जय बान्तवा, प्रदीप अधिकारी, दिनेश महतो तथा प्राज्ञसभा सदस्य झिग्मे लामा, प्रदीप शाक्य, नरेन्द्रप्रसाद भण्डारी र चन्द्र रानाहान्छाले पनि आ-आफ्नो विचार व्यक्त गरेका थिए। प्राज्ञिक सम्मेलनबाट प्राप्त सुझावका आधारमा ११ बुँदे घोषणापत्र जारी गरिएको छ।

# रौतहटको गुजरा नगरपालिकामा हुलाक कार्यालय सञ्चालन

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १४ साउन

हुलाकसम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने उद्देश्यले रौतहटको गुजरा नगरपालिकामा हुलाक कार्यालयको शाखा कार्यालय सञ्चालनमा आएको छ। गुजरा नगर कार्यपालिकाको कार्यालय सिम्रा भवानीपुरमा सोमबारदेखि हुलाक कार्यालय सञ्चालनमा आएको हो। गुजराका नगर प्रमुख सन्तलाल चौधरीले सोमबार एक कार्यक्रमका बीच उक्त कार्यालयको उद्घाटन गरे।




मेयर चौधरीले उद्घाटन गरेसँगै सोमबारदेखि नै उक्त कार्यालय सञ्चालनमा आइ सेवा प्रदान गर्न शुरु गरेको जिल्ला हुलाक कार्यालय गौर रौतहटका प्रमुख एवम् हुलाक अधिकृत देवनाथ यादवले जानकारी दिएका छन्।

आम नागरिकलाई स्थानीय तहबाट नै हुलाकसम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने उद्देश्यले गुजरा नगरपालिकामा हुलाक कार्यालय सञ्चालन गरिएको उनले बताए। एक पालिका एक हुलाक कार्यालय स्थापना गर्ने उद्देश्यअन्तर्गत अहिलेसम्म हुलाक कार्यालय नरहेको गुजरामा हुलाक कार्यालय स्थापना गरिएको उनको भनाइ थियो।

जिल्ला हुलाक अधिकृत यादवका अनुसार जिल्लामा २ गाउँपालिका र १६ वटा नगरपालिका गरी कूल १८ वटा स्थानीय तह रहेकोमा अहिलेसम्म गुजरासहित १२ वटा स्थानीय तहमा हुलाक कार्यालयको शाखा कार्यालय स्थापना भइसकेको छ भने अब ६ वटा स्थानीय तहमा मात्र हुलाक कार्यालय स्थापना हुन बाँकी छ।

अहिलेसम्म माधवनारायण, गढीमाई, गौर, गरुडा, चन्द्रपुर, कटहरिया, फतुवा विजयपुर, राजपुर, मौलापुर, गुजरा नगरपालिका, यमुनामाई गाउँपालिका र दुर्गाभगवती गाउँपालिकामा हुलाक कार्यालय स्थापना भइसकेको छ भने राजदेवी, इशनाथ, देवाही गोनाही, बौधीमाई, वृन्दावन र परोहा नगरपालिकामा हुलाक कार्यालय स्थापना हुन अझै बाँकी रहेको छ।

# भुक्तानीको २३ दिनमै भत्कियो ग्याबिन, स्थानीय आक्रोशित



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ साउन

भुक्तानी भएको २३ दिनमै ग्याबिन भत्किएपछि स्थानीयबासी आक्रोशित बनेका छन्।

दुई वटा योजनामार्फत गाउँकै उच्च जोखिम क्षेत्रमा ग्याबिन लगाइएपनि २३ दिमै भत्किएको हो।

योजनाको पूर्ण तयारी र योजना स्टमेट अनुसार छ या छैन् भन्ने कुरामा ध्यान नदिएर वडाले भुक्तानी सिफारिस दिँदा यो अवस्था आएको स्थानीयले बताएका छन्।

त्यस्तै स्थानीय सरकारबाट अनुगमन गर्दा हरेक कुरा नहेरेर आलटाल गरेको हुँदा हुम्लाको सिमकोट गाउँपालिका वडा ७ डाडाँफया धाराबारीका तलमाथिका घर उच्च जोखिम मोल्दै आएका छन्। वडा ७ डाडाँफयाको चोखेढुंगा बाटोमाथिको भागमा गाउँबासीले माटो निकासी गरेर त्यसमाथिका घरहरु उच्च जोखिम बन्दै गएपछि माटो निकासी गर्न रोक लगाएको थियो। उक्त स्थानका घर उच्च जोखिम भएपछि सिमकोट गाउँपालिकाद्वारा सञ्चालित लिप्स कार्यक्रमबाट २२ लाख ५० हजार रुपैयाँको ग्याबिन लगाउने योजना दिइएको थियो।

उक्त योजना सम्पन्न नहुँदै ९ लाख ८३ हजार ५ सय ७८ रुपैयाँको बजेट पुनः उक्त स्थानमै ग्याबिन लगाउने काम शुरु भयो।

करिब एक महिना लगाएर काम सम्पन्न गरेर वडादेखि स्थानीयसम्मका जनप्रतिनिधिले अनुगमन गरी, लिप्स र गाउँपालिकाका इन्जिनियरले काम राम्रो भएको भनेर भक्तानी गरिएको हो। तर पावर पहुँच र भनसुनको आधारमा भुक्तानी भएको स्थानीयले बताएका छन्।

यता सिमकोट गाउँपालिका लेखा अधिकृत विशाल बोहराले दुई वटा योजनामा ९ लाख ८३ हजार ५ सय ८७ रुपैयाँमा १६ जनाले काम गरेको र गाउँपालिकाबाट एकमुस्ट उपभोक्ता समितिको खातामा ३४ हजार भन्दामाथि र कामदारको खातामा ६० हजार देखि ७२ हजारसम्म भुक्तानी भएको बताए। त्यस्तै २२ लाख ५० हजार रुपैयाँ २३ जनाले काम सञ्चालन गरेको, यसमा उपभोक्ताको खातामा १७ हजार ५ सय ४४ रुपैयाँ र कामदारको खातामा ६७ हजारदेखि ७५ हजार गाउँपालिकाले भुक्तानी गरिसकेको र भुक्तानी गएको असार महिनामा भएको उनले बताए। उनले भने, 'यो वर्षाका कारणले बाढी, पहिरो, भल र पानीको बेगले ग्याबिन जानू स्वभाविक हो।'

# पर्सालाई कृषि हब बनाउने मन्त्री क्षेत्रीको प्रतिबद्धता



**महमद सदाब/मध्यान्ह**
हुम्ला, १४ साउन

मधेश प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले पर्सालाई कृषि हब बनाउने प्रतिबद्धता जनाएका छन्।

वीरगञ्ज महानगरपालिकामा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा उनले पर्सा जिल्लालाई कृषि हव बनाउने र डिप बोरिङको व्यवस्था गर्नेमा जोड दिए। उपप्रमुख इम्तियाज आलनले मन्त्री क्षेत्रलाई आफ्नो कार्यकक्षमा स्वागत तथा सम्मान गरेका थिए।

यस्तै महानगरका विभिन्न वडाका वडा अध्यक्षहरुले टीका र खादा ओढाइ बधाइ तथा कार्यकालको शुभकामना दिएका थिए। वडामा रहेको कृषि र सिँचाइको समस्याको बारेमा मन्त्री क्षेत्री समक्ष अवगत गराइएको थियो।

यस्तै कृषकहरुलाई सिँचाइको लागि पानी र मलको समस्या बढी भएकाले तत्काल समस्या समाधानको लागि पहल गर्न मन्त्री समक्ष आग्रह गरिएको थियो।

मधेश प्रदेशको एक मात्र महानगरपालिका रहेको वीरगञ्जलाई बजेट उपलब्ध गराइ सहयोग गर्न र सहकार्य गरी अघि बढ्न उपप्रमुख आलमले आग्रह गरेका थिए।

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

DOCUMENTATION OFFICER - 4 (Male/Female)
1. Bachelors Complete.
2. Knowledge about MS packages.
3. Previous Experience in related fields is highly preferable.

SALARY Negotiable

Public Relations Officer (PRO) - 5 (Male/Female)
- 5 years of experience in a related field. - effective communication skills.
- Smart personality with excellent interpersonal skills, a positive attitude.

SEND YOUR CV:
anmol@mobhiraservices.com
9823486681
9819779867

Mobhira Recruitment
Consultancy Service Pvt. Ltd.
Maharajgunj-4, Opposite To Qvc, Ganesh Basti

## हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.
१९८९ फागुन १ गते
ई.सं. (12th February 1933)

स्वर्गारोहणः
बि.सं.
२०८१ साउन ३ गते
ई.सं. (18th July 2024)

**स्व. अम्बिका श्रेष्ठ**

यस नेपाल सम्पदा संघ (Nepal Heritage Society) को वर्तमान कार्यसमितिकी अध्यक्ष स्वर्गीय **अम्बिका श्रेष्ठ**ज्यूको ९२ वर्षको उमेरमा स्वास्थ्य उपचारको क्रममा असामयिक निधन भएको हुँदा आज मिति २०८१/०४/१५ गते मंगलबारका दिनमा पर्न गएको १३औं दिनको पुण्यतिथि कार्यमा उहाँप्रति सदैव सम्झना गर्दै यस नेपाल सम्पदा संघको तर्फबाट दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै स्वर्गमा बास होस् भनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

का.बा. अध्यक्ष
धर्मराज शाक्य

**नेपाल सम्पदा संघ - स-परिवार**
भद्रकाली, काठमाडौं।

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

१५ साउन २०८१, मंगलबार
30 July 2024, Tuesday

## सम्पादकीय

## संरचनाप्रतिको अविश्वास

गत २४ जेठमा ११ देशका राजदूत फिर्ता बोलाउने निर्णय मन्त्रिपरिषद्‌बाट भएको थियो । नेपाली कांग्रेसका कोटामा राजदूत रहेका यी ११ देशका राजदूत फिर्ता बोलाउनुपर्ने कारण स्वयं राजदूतको कुनै गल्तीले होइन । बरू कांग्रेस सत्ताबाट बाहिरिएर नेकपा एमाले सत्ता साझेदार शक्ति बनेकाले राजदूतहरू फिर्ता बोलाउने निर्णय भएको थियो । अर्को १५ दिनपछि ८ देशमा राजदूत सिफारिस भएका थिए । एमाले, माओवादी केन्द्र र जसपाले पठाएका नामहरू राखेर मन्त्रिपरिषद्‌ले सिफारिस गरेको थियो । तर ७ असारमा राजदूत सिफारिस गर्ने सरकार नै १७ असारमा ढाल्ने सहमतिमा कांग्रेस र एमाले पुगे । दुई ठूला दल मिलेकाले २८ असारमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढल्यो ।

प्रचण्डको सरकार ढलेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । ३१ असारमा प्रधानमन्त्री पदको शपथ लिएका ओलीले १५ दिनभित्रै सोमबार (१४ साउनमा) थप पाँच देशका राजदूत फिर्ता गरी १८ देशमा नयाँ राजदूत सिफारिस गरेका छन् । फिर्ता हुने राजदूतमा माओवादी केन्द्र र एकीकृत समाजवादीबाट सिफारिस भएका छन् भने सिफारिस भएका राजदूतहरू एमाले, कांग्रेस सहितका सत्ता साझेदारहरूबाट छन् । यसको अर्थ राजदूत फिर्ता हुनु र नियुक्त हुनुमा स्वयं राजदूतको व्यक्तिगत कुनै भूमिका हुँदैन । बरू सत्ता बदलिदा राजदूत पनि बदलिने संस्कृति अनुरूप यस्तो शृङ्खला चल्दै आएको छ । राजदूत मात्र नभएर सोमबारको मन्त्रिपरिषद् बैठकले एकैपटक २१ सचिव सरूवा गर्ने निर्णय गरेका छन् । सोमबारको मन्त्रिपरिषद्‌ले गरेको तेस्रो ठूलो निर्णय बागमती, लुम्बनी र कर्णालीमा नयाँ प्रदेश प्रमुख नियुक्त गर्नु हो ।

यसरी सरकारले एकैदिन तीन ठूला निर्णय गरेको छ । र, हरेकपटक सरकार फेरिदा यी तीन निर्णय अनिवार्य जस्तो बन्न पुगेको छ । सचिवहरूको सरूवा गरी आफू अनुकुल सचिवलाई लैजाने मन्त्रीहरूको चाहना सधैं हुने गरेको छ । सचिवहरूले पनि अनुकुल मन्त्रालय वा विभागमा जाने उपयुक्त अवसर सरकार परिवर्तनलाई मान्ने गरेका छन् । गणतन्त्र स्थापनापछि प्रदेश प्रमुखको हेरफेर प्रदेश सरकारलाई आफू अनुकुल बनाउने प्रयोजनमा हुँदै आएको छ । राजदूत सिफारिस भने व्यक्तिको व्यवस्थापन र कुटनीतिक अनुकुलताका निम्ति हुँदै आएको छ । तर राजनीतिक अस्थिरताका कारणले राजदूत, प्रदेश प्रमुख र स्थायी सत्ता भनिने सचिवहरूको हेरफेर भइरहँदा मुलुकको संरचना स्थिर हुन सकिरहेको छैन । अर्कातिर संरचनाप्रति सत्ताको विश्वास नरहेको सन्देश पनि गइरहेको छ । तसर्थ यस्ता प्रवृत्तिमा एकपटक पुनरावलोकन आवश्यक छ ।

# वैद्यगुरु : सङ्गत र सम्झनामा

*राणाकालदेखि गणतन्त्रसम्मको अनुभव सँगालेका वैद्य आफै पनि ऐतिहासिक पाना बनिसकेका थिए । उनी त्रिभुवन विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय देख्ने, भोग्ने र जान्ने व्यक्तित्व थिए ।*

व्यक्ति-चर्चा



● डा.उद्धव पुरी



इतिहासका विज्ञ र इतिहास प्राध्यापनका ज्येष्ठ गुरु प्राध्यापक डाक्टर तुलसीराम वैद्य, अब यस संसारमा स-शरीर छैनन् तर, पनि उनका योगदान एवम् कृति सधैँ रहिरहने छन् । शिक्षा क्षेत्रकै सेरोफेरोमा रहेर ८५ वर्षको उमेरमा परलोक भएका वैद्य जन्मको आधारले पनि नेपालको राणा कालदेखि गणतन्त्र अनि त्रिभुवन विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय देख्ने, भोग्ने र जान्ने व्यक्तित्व थिए । मूलघर काठमाडौँको त्रिपुरेश्वर वैद्य चोकमा रहेका वैद्य परिवार, दरबार र राणाहरूको स्वास्थ्य उपचारमा संलग्न राजवैद्य र राणाहरूको विश्वासपात्र भएर प्रशासनिक कार्यमा संलग्न हुँदै आएको खानदानी र शिक्षित सन्तान हुन् । दरबारी सेवामा संलग्न गोपालदास वैद्य र मिठाई वैद्यका ज्येष्ठ सुपुत्र उनी थिए । नेपालको दरबार, तत्कालीन अवस्था, राजनैतिक परिवर्तन, पञ्चायतकाल, बहुदलीय व्यवस्था र गणतन्त्रसम्मको अनुभव सँगालेका वैद्य आफै पनि इतिहास र उपत्यकाको संस्कार र संस्कृतिका ऐतिहासिक पाना बनिसकेका थिए । वास्तवमा उनका विषयमा देख्न र लेख्न सकिने विषयहरू धेरै छन् । ती सबैको व्याख्या र विश्लेषण यहाँ गर्न सकिँदैन ।

उनीसँगको सङ्गत, सामिप्यता र सहकार्यमा जोडिन पाउनु जो कोहीका लागि महत्त्वपूर्ण अनुभूति हुन सक्दथ्यो । वैद्य गुरुसँग वि.सं. २०३७ सालदेखि स्वयम् पंक्तिकार र पंक्तिकारकी श्रीमतीलाई परिचित हुने अवसर मिल्यो । त्यसबेला पंक्तिकारले पत्रकारिता पनि भर्खर सुरु गरेको थियो । उनीसँगको विविध कार्यले धेरै नजिकसम्म ल्यायो । पारिवारिक रूपमा घरमा आवत-जावत पनि हुने अवस्था बनेको थियो । उनीसँगको संगतमा रहँदा उनको दीनचर्यामा परेका राम्रा-नराम्रा धेरै अनुभवहरू देख्न र सुन्न पाइयो । धेरै अनुभवी र विज्ञहरूसँग चिनजान र सङ्गत गर्ने अवसर भेटियो । जसले धेरै व्यक्ति, विषय र घटनाहरूको वास्तविकतालाई नजिकबाट बुझ्न र अनुभव गर्न पनि पाइयो । यसले आफैलाई पनि सक्षमता र स्वाभिमानको पाठ सिकायो । विगतका उनीसँगको संगतको केही सम्झनाहरू लेख्नु उनको लागि पनि न्यायसङ्गत नै हुनेछन् ।

प्रा. डा. वैद्यको भनाइमा उनले इतिहास र राजनीतिक शास्त्र लिएर बी. ए. उत्तीर्ण भएपछि तत्कालीन राणा प्रशासनमा छिर्न बाटो खुलिसकेको थियो र धेरै आग्रह पनि भएको थियो । तर, पिताको निर्देशन र चाहना धेरै पढ्ने भएकोले इलाहबाद विश्वविद्यालयबाट आधुनिक इतिहासमा एम. ए. गरेर आए । त्यसपछि प्रशासन वा शिक्षा क्षेत्रमा लाग्ने भन्ने सम्बन्धमा पारिवारिक छलफलपछि प्राध्यापन कार्यमा लागे । रक्तचापको रोगी भएका कारण पनि छोरा काठमाडौँ बाहिर वा टाढा नजाओस् भन्ने भित्री मनसाय पितामा थियो ।

प्रा. डा. वैद्य वि. सं. २०१७ साल असार १८ देखि प्राध्यापन पेसामा संलग्न भए । जतिखेर स्वयम् पंक्तिकार जन्मेकै थिएन । उनी त्रिभुवन विश्वविद्यालय स्थापनापछि त्रिभुवन विश्वविद्यालयको हालको इतिहास विभागमा वि.सं.२०२१ सालदेखि आंशिक र वि.सं. २०२४ सालदेखि स्थायी भई संलग्न भए । उनी वि.सं.२०५९ साल फागुन १७ गते उमेर हदका कारण सेवाबाट निवृत्त भए । त्रिभुवन विश्वविद्यालयको लामो सेवा कालमा उनको खासै गुनासो देखिँदैन । प्राध्यापन बाहेक उनकै शब्द सारमा त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय विकास सेवाको निर्देशक हुँदा र काम गर्दा उनले धेरै सन्तुष्टि पाएका छन् । जसका कारण तत्कालीन राजा वीरेन्द्रसँग पनि उनको राम्रै भेटघाट कुराकानी हुने गर्दथ्यो ।

राविसेमा संलग्न भएका सबै र पछि नेता र पदमा पुगेकाले पनि उनलाई राम्रोसँग चिन्दथे । राविसेको नेतृत्व गर्दा विद्यार्थीहरूको कार्य र आन्दोलन आदि लगायतका विषयमा थुप्रै घटनाक्रमहरू जोडिएका छन् । जुन नेपालको इतिहासका लागि पनि महत्त्व राख्दछन् । जसको लेखन छुट्टै अध्याय बन्नेछ । त्रिविमा उनले विभिन्न पदहरूमा काम गर्ने अवसर पाए । त्यसमध्ये केही पदहरूमा रहेको बेलामा भएका घटनाक्रमहरू उनलाई बिझाई रहने विषय बनेका थिए । उनले आफू निकटका जसलाई पनि भन्थे कि परीक्षा नियन्त्रक हुँदा सुधारको क्रममा कापी र प्रश्न पत्र छपाइका सम्बन्धमा लिएको निर्णयले विभिन्न घटनाक्रम उब्जाएर पूर्ण काल काम गर्न दिइएन भने आफ्नै इतिहास विभागबाट आमाको किरिया बसिरहेको बेलामा थमाउन ल्याइएको पत्र र पात्र सुखद स्मरण रहेनन् ।

यता उनको पिता पुर्खादेखि दरबार र राणाहरूसँग भएको सम्बन्ध र राविसे निर्देशक भएपछि राजा वीरेन्द्रसँग भएको निकटताले वैद्यकै भनाइमा उनको त्रिभुवन विश्वविद्यालयको उपकुलपति बन्ने चाहना राजाबाट पूरा गर्न लाग्दा तत्कालीन दरबारभित्रकै कारण अर्कै व्यक्ति भएको भए पनि पछि उनलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको उपकुलपति बनाइयो । तर, त्यहाँ पनि लुम्बिनी र बुद्ध जोडिएको कुनै पदमा जन्मदैका गैर बौद्धले पद पाउन नहुने भन्ने एकथरि जन्मदै बौद्ध हुनपर्छ भन्ने मान्यता राख्नेहरूले बेला-बेला सताउन खोज्थे । यो नेपालमा बौद्ध धर्मलाई संकोचको घेरामा राख्ने सोच हो, जसको अन्त्य गराउन पर्छ भन्थे । जुन पंक्तिकारलगायत अरूले पनि भोगेका छन् । त्यो रोग, त्यस क्षेत्रमा अहिले पनि छ ।

गौतम बुद्धको अनुयायी बन्न जन्मभन्दा शिक्षा ग्रहणको महत्त्व हुन्छ भन्ने बुद्धकै भनाई छ । प्रा. डा. वैद्यबाट नसिकी नहुने कुरा भनेको आफ्ना माता पिताप्रतिको सम्मान र आज्ञा पालन हो । उनको आफ्नै भनाइमा पितापछि केही गुरुहरू स्मरणीय छन् । उनले नाम लिने स्कुले गुरु विजयानन्ददेखि शिक्षा क्षेत्रमा प्रेरणाका स्रोत बनेका भैरवबहादुर प्रधान, प्रा. डा. विक्रमजित हसरत, प्रा.डा. बी. पी. सक्सेना, प्रा.डा. इश्वरी प्रसाद, गोकुलचन्द शास्त्री, प्रा.डा. माधवराज पाण्डे, प्रा. ओ. पी. भटनागर, प्रा. डा. वीरेन्द्र वर्मा लगायत पर्दछन् । उनीहरूले आफ्नो उन्नयनका लागि गरेको सहयोग र देनका बारेमा अनि उनीहरूसँगको सहकार्यका सम्बन्धमा फुर्सदमा कुरा गर्थे । अर्को महत्त्वपूर्ण कुरा धेरै गुरुहरू मुखले मात्रै सिकाउने वा यसो गर उसो गर भन्ने गर्दछन् तर, उनी यस्तो हुन्छ वा यस्तो लेख भनेर कापी कलम समाएरै गरिदिन्थे ।

लुम्बिनीसँग उनको बेग्लै सम्बन्ध थियो । लुम्बिनी विकासको गुरुयोजना भर्खर अगाडि बढ्दै थियो । गौतम बुद्धको जन्मस्थल र उनको पिताको राजधानी तिलौराकोट नेपालमा पर्दछ भन्ने व्यापक चर्चा संसारभर फैलिन थालेको थियो । त्यस समयमा श्रीलंकाका तत्कालीन राष्ट्रपति जे.आर. जयवद्धने ती क्षेत्रका भ्रमणका लागि नेपाल आउने भए । पथ प्रदर्शनका लागि राजा वीरेन्द्रले योग्य व्यक्तिको खोजी गरे र उनी भेटिए । प्रा. डा. वैद्यकै भनाइमा उनी त्यसअघि ती क्षेत्रमा पुगेका थिएनन् । राजाबाट हुकुम भएपछि नाइँ भन्ने कुरा पनि भएन । उनले छोटो समयमा धेरै अध्ययन गरेर भ्रमण दलमा सामेल भई त्यो जिम्मेवारी निर्वाह गरे । साथमै रहेका राजा वीरेन्द्र खुसी भए । त्यसपछि उनको बौद्ध शिक्षा, लुम्बिनी र त्यस क्षेत्रको संलग्नताको निरन्तरता पछिल्लो समयसम्म रहन गयो ।

जीवनमा साथीको स्वच्छ प्रेम, संलग्नता र महत्त्व निकै हुँदो रहेछ । जहाँ पद र प्रतिष्ठा न्यून हुँदो रहेछ । स्वयम् पंक्तिकारले प्रा.डा.वैद्य र प्रा.डा. मोहन लोहनीको सम्बन्धबाट देखेको र भोगेको छ । प्रा. डा. लोहनी त्रि.वि.कै अङ्ग्रेजी विभागका प्राध्यापक थिए । उनले तत्कालीन समयमा दरबारभित्रै गएर युवराजधिराजलगायतलाई पनि पढाएका थिए । पछि उनी नेपालको कूटनैतिक क्षेत्र र परराष्ट्र क्षेत्रमा पनि जोडिए । उनी र वैद्य स्कुल र कलेजका सहपाठी पनि रहेछन् । पुराना कुरा, छेड छाड र खाजा खाने विषयमा उनीहरूको निकै रोचक कुराकानी हुन्थ्यो । उनीहरूसँगको केही छोटो र लामो भेटघाट अनि ती यात्रामा स्वयमलाई पनि सहभागी हुने अवसर मिलेको थियो । जसबाट मित्रताको खुलापन र आत्मीयतालगायत नेपाल र ठुलाबडाका बारेमा धेरै सामान्य कुराहरू समेत जानकार हुने मौका मिलेको थियो । उनीहरूको पारिवारिक आत्मीयता पनि निकै आनन्ददायी लाग्थ्यो । प्रा. डा. लोहनी अहिले पनि सक्रिय जीवन बिताइरहेका छन् ।

प्रा. डा. वैद्यले वि. सं. २०२१ सालमा काठमाडौँकै वैनी कर्माचार्यसँग विवाह गरेका थिए । त्यसपछिको प्रा. डा. वैद्य र उनको घर परिवारलाई सहज र सक्षम रूपमा हालको अवस्थासम्म ल्याउन उनको निकै सहनशीलता र लगनशीलता देखिन्छ । दुई छोरी र एक छोरालाई सक्षम बनाउन, अनि घरमा आएका गुरुका साथीभाइ र विद्यार्थी (इतिहासका हाल जीवित रहेका सबै गुरुहरू उनका विद्यार्थीहरू मात्र छन्)हरूलाई यथास्थितिको सम्मानजनक व्यवहार सबैले सम्झिने गरेका देख्न र सुन्न पाइन्छ । त्यो निरन्तरता अहिले पनि छ ।

## सामाजिक सञ्जाल



- बद्रि खनाल

संघीय संसदका दुई ठूला दल सरकारमा छन् । साना-साना दललाई पाडो पाए पनि ब्याउँती, पाडी पाए नि ब्याउँती, जस्तै भएको छ । तिनका मुख्य-मुख्य नेताले मन्त्री पड्काई हालेका छन् । उनीहरूले पाउने त्यत्ति नै हो । सबैभन्दा गाह्रो त तेस्रो, चौथो दल र माधव नेपाललाई भएको छ । उडौं कि बुडुम् बनाए ओली र देउवाले ।



- भीम रावल

गण्डकी प्रदेशमा गञ्जी लगाई मन्त्री कुर्सीमा, लुम्बिनीमा एमाले दलको नेता मुख्य मन्त्री नभई अर्केलाई बनाइएको र कांग्रेसमा केन्द्रले मनपरी गरेको भन्दै त्यहाँ सम्बन्धित नेताको विरोध, बागमतीमा विवादले शपथ बिथोलियो र एक मन्त्री शपथ लिनै नपाई पदमुक्त ! यो सुशासनको लक्षण हो या सत्ता लिप्सा ?



- बिमल पोखरेल

मान्छेलाई लाग्दो हो, वीर अस्पतालमा शैय्या नभएर बिरामी बाहिर पठाइन्छ । कुरा त्यसो होइन । वीरमा ४ सय शैय्या आज पनि खाली छन् । बिरामीलाई भर्ना नगरेर बाहिर पठाइन्छ । स्वास्थ्यमन्त्री प्रदीप पौडेल बेकारका भाषण गर्दै हिँडेका छन् । कसैले यो कुरा प्रदीपलाई सुनाइदिए हुन्थ्यो !



- राधाकृष्ण कटवाल

यतिबेला देशमा सञ्चार क्षेत्रमा क्रान्ति (बाढी) आएको छ तर, जति धेरै सञ्चारमाध्यम भएपनि वेथिति र भ्रष्टाचारमा कमि आएको छैन । बरू पहिला थोरै सञ्चारमाध्यम हुँदा नैतिकवान व्यक्ति मन्त्री बन्थे भने हाल टोले गुण्डा, हत्यारा, भ्रष्टाचारी, लुटेरा मन्त्री भइरहेछन । सञ्चारको महत्व सकिएकै हो त ?

## तपाईंको राशिफल

मेष : पुराना कार्य सम्पन्न हुनेछन् । जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ ।

वृष : सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुने योग छ ।

मिथुन : बाहिरी सहयोगमा कमी आउनेछ । भाग्यमा वृद्धि हुने योग छ ।

कर्कट : कुनै पनि कार्यमा हतार नगर्नुहोला । व्यवासायिक यात्रा सफल हुनेछ ।

सिंह : शुभ समाचार प्राप्त हुनेछ । नयाँ सम्पर्क बन्ने योग छ ।

कन्या : व्यापारिक कार्यहरूमा प्रगति हुनेछ । प्रभाव बढ्ने योग छ ।

तुला : महत्वपूर्ण भेटघाट हुनेछ । कार्यहरूमा सावधानी राख्नुहोला ।

वृश्चिक : अनावश्यक विवाद हुने योग छ । नौलो मित्रहरू बन्नेछन् ।

धनु : लामो यात्राको योग छ । सबै कार्यमा अनुकूल प्रगति हुनेछ ।

मकर : अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।

कुम्भ : स्वास्थ्य सम्बन्धी खर्च हुनेछ । दाम्पत्य जीवन सुखी रहनेछ ।


मीन : शान्तिमा वृद्धि हुने योग छ । नयाँ सोचअनुसार काम हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# किन आवश्यक छ संवेग व्यवस्थापन ?

विचार



● नेत्र सुवेदी 'प्रयास'

'के छ हालचाल ?' भनेर कसैले सोध्यो भने हामीले तयारी जवाफ दिन्छौँ 'ठिकै छ' । कसैले 'खत्तम छ' पनि भन्ला । तर, यी जवाफ प्रस्ट भएनन्, सोलोडोलो खालका भए । यी र यस्ता प्रश्नको यकिन र प्रष्ट जवाफ दिन सकेमा हाम्रो जीवन नै बदलिन सक्ने दाबी मनोविज्ञानवेत्ताहरूको रहेको छ । आफूमा वा अरूमा तत्काल रहेको संवेगलाई राम्रोसँग बुझ्नु भनेको हामी कसरी सिक्ने, कसरी निर्णय गर्ने, कसरी अरूसँग व्यवहार गर्ने भन्ने विषयमा प्रष्ट हुन सरल हुन्छ भने अन्ततोगत्वा व्यक्तिगत उन्नतिका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

संवेगहरूको आफ्नै पहिचान र महत्व रहेको हुन्छ । संवेगलाई शरीरको बुद्धि पनि भनिन्छ । संवेगहरू जीवशास्त्रीय तत्व हुन् । यसलाई हाम्रो शरीर र दिमागले काम गर्ने रसायन पनि भन्ने गरिन्छ । भनिन्छ कि हामीमा आउने संवेग हामीलाई केही न केही सुनाउन उपस्थित भइरहेको हुन्छ । संवेग सिर्जना गर्ने उद्दीपकलाई हामीहरू आन्तरिक र बाह्य भनेर हेर्न सक्छौं । आफैंभित्र सिर्जित कुनै विचार वा भौतिक अनुभूतिलाई आन्तरिक उद्दीपक भनिन्छ भने कसैसँग भएको भेट वा कुनै घटना भने द्वित्तीयक उद्दीपकमा पर्दछन् । संवेग र विचार एकले अर्कोलाई प्रभाव पार्ने हुन्छ । साथै, संवेगले हाम्रो शरीरमा पनि असर पर्दछ । यसको ज्ञानबाट व्यक्तिलाई अवसर र चुनौतीका लागि तयारी हालतमा राख्दछ ।

हाम्रो दिमागमा रहने 'हाइपोथ्यालामस' त्यस्तो चीज हो, जसलाई संवेगको रसायन रहने कारखाना नै भन्न सकिन्छ । प्रोटिनबाट बनेका धागोजस्तो वस्तुबाट बन्ने त्यस्ता संवेगका रसायनहरू दिमाग हुँदै पिटुटरी नली हुँदै रगतमा प्रवाह हुने गर्दछन् । यसबाट पनि के बुझ्न सकिन्छ भने संवेगात्मक अनुभूतिको प्रभाव प्रत्येक जीवित कोषमा पर्न जान्छ । संवेगसम्बन्धी रसायन शरीरभरि पुग्न छ सेकेन्ड लाग्ने बताइएको छ ।

अहिलेको मान्छेमा र अहिलेको सम्बन्धमा देखिएको बेचैनी, बेखुसी, अशान्ति र विरोधाभासको पिँधमा पुगेर हेरियो भने संवेगलाई पढ्न नसक्नु र संवेग नबुझी व्यवहार गरिनुमा पुगिन्छ । आधुनिक दुनिया जति नै नजिकका व्यक्तिहरूबीचमा पनि अनुभूतिमा आधारित संवाद कम वा दुर्लभ हुन्छ । एकै परिवारका सदस्यहरूबीच, एउटै टोलीमा काम गर्ने भनिए पनि वा एउटै सङ्गठनमा समेत एकले अर्काको संवेग बुझेर हैन कि आफ्नो संवेगलाई सबैथोक ठाने जसरी बोलिन्छ, जसबाट अरूलाई हित नगर्न सक्छ । अझ यसरी भनौं प्रत्येक छलफलमा शान्ति वा आत्मीयता प्रवर्द्धन गर्ने वा द्वन्द्व वा हिंसा बढाउने भन्ने छनोट हामीले नै गर्ने हो अरू कसैले गरिदिँदैन ।

